उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ | संख्याः२० | मितिः२०७९/०९/०५

## भाग-२

## उत्तरगया आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९

उत्तरगया गाउँपालिका रसुवामा आँखा स्वास्थ्य सेवा सञ्चालनका लागि उत्तरगया गाउपालिका र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान जिल्ला सामुदायिक केन्द्र रसुवा द्वारा उत्तरगया आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ लागु गरियो ।

१. **<u>संस्थाको नाम:</u>** सस्थाको नाम उत्तरगया आँखा केन्द्र, रसुवा अंग्रेजिमा (Uttargaya Eye Clinic,Rasuwa)

२. **<u>स्थान:</u>** आँखा केन्द्रको कार्यालय उत्तरगया गाउँपालिका वडा नं ५ वा उत्तरगया प्राथमिक स्वास्थ्य केन्द्रको परिसर भित्र रहने छ ।

३. **<u>उद्देश्य:</u>** यस सर्वसाधारण जनताको पहुँचमा पुग्ने गरी आँखा सेवा प्रदान गर्ने छ ।

४. **<u>कार्यक्षेत्र:</u>** यस केन्द्रको कार्यक्षेत्र उत्तरगया गाउपालिका भित्रका सबै वडाहरु लगायत छिमेकी नगर/ गाउपालिका हुनेछ ।

५. **<u>आधिकारिकता:</u>** यस केन्द्रको कानुनी रूपमा उत्तरगया गाउँपालिका र नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र, रसुवाको संयुक्त सहकार्यमा सञ्चालन हुने र यसको आफनै छाप र लेटरप्याडको साथै आर्थिक कारोवार गर्ने अधिकार हुनेछ ।

६. **<u>आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको गठन:</u>**

यस केन्द्र संचालनको लागि उत्तरगया गाँउपालिका अध्यक्षको संरक्षकत्वमा उत्तरगया गाउपालिका उपाध्यक्षको अध्यक्षतामा ५ सदस्यीय सन्चालन तथा व्यवस्थापन समिति गठन गरिनेछ । उक्त समिति देहाय बमोजिम हुने छः

१. अध्यक्षः उत्तरगया गाउपालिका उपप्रमुख –१

२. सदस्यः उत्तरगया गाउपालिका स्वास्थ्य संयोजक –१

३. सदस्यः प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख वा प्रशासन प्रमुख –१

४. सदस्यः इन्चार्ज समुदायिक आँखा केन्द्र, रसुवा –१

५. सदस्यः सचिव उत्तरगया आँखा केन्द्र इन्चार्ज –१

सल्लाहकारहरुः यस आँखा केन्द्रको सल्लाहकारहरू तपशिल अनुसार हुनेछन ।

१. अध्यक्ष, जिल्ला सामुदायिक आँखा केन्द्र रसुवा - १

२ प्रतिनिधि, बाह्य कार्यक्रम विभाग, तिलगंगा आँखा प्रतिष्ठान - १

३. प्रमुख जिल्ला स्वास्थ्य कार्यालय रसुवा - १

आवश्यता अनुसार सञ्चालन तथा व्यवस्थापन समितिले सल्लाहकार थप गर्न सक्नेछ ।

७. <u>सञ्चालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः</u>

यस समितिको काम कर्तव्य र अधिकारहरू तपशिल अनुसार हुने छः

क. आँखा केन्द्र सञ्चालनको लागि पायक पर्ने स्थानमा आँखा को लागि भवन, वा २ देखि ३ वटा कोठाको व्यवस्था गर्ने ।

ख. प्रचलित ऐन नियमको अधिनमा रही केन्द्रमा कार्यरत जनशक्तिहरुको सेवा सुविधा निर्धारण, व्यवस्थापन र परिचालन गर्ने ।

ग. केन्द्रको आर्थिक कारोबार गर्ने साथै यस सम्बन्धमा नेपाल सरकारले तोकेको ऐन, नियम, नीति निर्देशन लगायत कानुनी दायित्वको बहन गर्ने।

घ. आन्तरिक तथा बाह्य स्रोतबाट संकलित रकमबाट केन्द्र सञ्चालन गर्ने।

ङ. केन्द्रमा आवश्यक पर्ने उपकरण, चश्मा तथा औषधीको लागि सामुदायिक आँखा समन्वय गरी खरिद गर्ने ।

च. केन्द्रबाट सञ्चालन हुने कार्यक्रमहरुको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्यांकन गर्ने ।

छ. केन्द्रको आत्मनिर्भताको लागि आवश्यक भौतिक पूर्वाधार, केन्द्र तथा कार्यरत कर्मचारीहरुको वृद्धि विकासको लागि श्रोत तथा साधनहरुको व्यवस्था गर्ने ।

ज. नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानको जिल्ला सामुदायिक आँखा केन्द्र र जिल्लाभित्र रहेका सम्बन्धित कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा आँखा स्वास्थ्य सेवा सुधार गर्न आवश्यक समन्वय गर्ने ।

भ. केन्द्र सञ्चालनमा आएको बाधा अड्चन फुकाउने ।

ञ. आखा केन्द्रको दैनिक प्रशासनिक, प्राविधिक आर्थिक कार्यको अनुगमन तथा मुल्यांकन गर्ने ।

ट. केन्द्रमा भए गरेका प्रगति विवरण मासिक रुपमा सामुदायिक आँखा केन्द्र र सरोकारवाला मुल्याङकन गर्ने प्रतिवेदनमा निकायमा पठाउने ।

ठ. केन्द्रको आय व्यायको वार्षिक लेखा परिक्षण गरि उक्त लेखापरिक्षणवाट प्राप्त छलफल गरि आवश्यक सबै सरोकारवाला निकायहरुमा पठाउने ।

ड. तिलगंगा आँखा प्रतिष्ठान वा सामुदायिक आँखा केन्द्रलाई केन्द्र अनुगमन तथा मूल्यांकन वापत अर्ध वार्षिक रुपमा कुल आम्दानीको २ देखि ७ प्रतिशत रकम प्रदान गर्ने ।

ढ. आवश्यकता अनुसार समिति तथा सल्लाहकारहरुको बैठक बोलाउने र भएका प्रगति विवरण तिलगंगा आँखा प्रतिष्ठानको बाह्य कार्यक्रम विभागमा पठाउने ।

**८. <u>उत्तरगया गाँउपालिका रसुवाको काम, कर्तव्य र अधिकारः</u>** उत्तरगया गाँउपालिकाको काम, कर्तव्य अधिकार निम्न अनुसारको रहने छः

क. प्रचलित ऐन नियम अनुसार केन्द्र सन्चालनको लागि आवश्यक कर्मचारीको नियुक्ति गर्ने ।

ख. केन्द्र सञ्चालन खर्च तथा कर्मचारीहरूको तलब भत्ताको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

ग. केन्द्रको सेवा तथा कर्मचारीहरुको स्तर वृद्धिको लागि आवश्यक सहजिकरण गर्ने । घ. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मुल्याङकन गर्ने ।

ङ. गाउँपालिका भित्र रहेका १८ वर्ष मुनिका बालबालिका, ६० वर्षभन्दा माथिका तथा विपन्नलाई आखा सेवाको लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।

च. आंखा केन्द्रमा नेपाल सरकारको स्वास्थ्य विमा कार्यक्रम लागू गर्ने।

९. **<u>नेपाल आँखा कार्यक्रम, तिलगंगा, आँखा प्रतिष्ठान, सामुदायिक आँखा केन्द्र, रसुवाको काम, कर्तव्य र अधिकारः</u>** तपशिल अनुसारको रहने छ।

क. केन्द्र स्थापना गर्न एकपटकको लागि आवश्यक पर्ने सामाग्री (Equipment) को व्यवस्था गर्ने र एक वर्षको लागि कर्मचारीहरुको तलब भत्ताको अनुदानको व्यवस्थापन गर्ने ।

ख. केन्द्र स्थापना गर्नको लागि प्राविधिक सहयोग गर्ने ।

ग. केन्द्रले लिने सेवा शुल्कहरु निर्धारण गर्दा व्यवस्थापन समितिलाई आवश्यक सहजिकरण गर्ने ।

घ. केन्द्र दैनिक गतिविधि (प्रशासनिक तथा आर्थिक) तथा लेखा परीक्षणबाट प्राप्त रिर्पोको अनुगमन र मुल्याङकन गर्ने ।

ङ. केन्द्रको लागि चश्मा, औषधी तथा अन्य सामाग्री खरिद तथा आपुर्तिको सहजिकरण गर्ने ।

च. आवश्यक स्थानहरुमा बाह्य कार्यक्रमहरु सञ्चालन गर्ने ।

छ. केन्द्रको सेवा तथा कर्मचारीहरुको स्तर वृद्धिको लागि आवश्यक सहजिकरण गर्ने ।

ज. कार्यक्रमको निरीक्षण, अनुगमन तथा मुल्याङकन गर्ने ।

ञ. आँखा स्वास्थ्य अवस्थाका बारेमा जानकारी दिन अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने

**१०. आँखा केन्द्रले गर्ने कार्यहरुः** देहाय अनुसारको कार्यहरु गर्नेछः

क. सबै जनताको पहुँचमा पुऱ्याउन सर्वसुलभ मुल्यमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने ।

ख. आँखा स्वास्थ्य सेवा कार्यक्रमलाई प्रर्वद्धन गर्न निरन्तर रूपमा समुदायको सहभागिता सहकार्यलाई ग्राहयता दिने ।

ग. आँखा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रम सञ्चालन गर्ने ।

घ. आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्न आँखा सेवा प्रदायक तथा नेपाल सरकारको स्वास्थ्य संस्थासंग समन्वय गर्ने ।

ङ. गुणस्तरीय आँखा स्वास्थ्य सेवालाई उच्च सेवातर्फ विस्तार गर्दै लाने।

च. केन्द्रमा भईरहेको प्रगति विवरण आवश्यकतानुसार मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा सम्बन्धित संस्थाहरूमा पठाउने।

१०.१ आँखा केन्द्रमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरुः

क. बिरामीको दृष्टि तथा चश्मा जांच ।

ख. बिरामीको आँखा सम्बन्धी रोगहरुको परीक्षण तथा उपचार ।

ग. आँखाको सामान्य शल्यक्रिया ।

घ. सर्वसुलभ मुल्यमा औषधी तथा चश्माको विक्री वितरण ।

ङ. जटिल समस्या भएका बिरामीहरुलाई थप सेवाको लागि नजिकको सुविधा सम्पन्न आँखा अस्पतालमा रेफर गर्ने ।

च. आँखा रोग सम्बन्धी आकस्मिक सेवा प्रदान गर्ने ।

छ. समय समयमा विशिष्ट शल्यक्रिया सहितको आँखा स्वास्थ्य सेवा प्रदान गर्ने ।

१०.२ अन्य सेवाहरुः आँखा केन्द्रले तिलगंगा आखा प्रतिष्ठान, सामुदायिक आँखा केन्द्र तथा अन्य संघ संस्थाहरुसंग समन्वय गरी तपशील अनुसारका कार्यक्रमहरु सञ्चालन गर्ने छः

क. आँखा उपचार सेवाको पहुँच नपुगेको ठाउँहरुमा आँखा शिविर सञ्चालन गर्ने ।

ख. समय (समयमा विशिष्ट शल्यक्रिया सहितको आँखा शिविर सञ्चालनको व्यवस्था गर्ने ।

ग. विद्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने ।

घ विभिन्न माध्यमहरुबाट आँखा सम्बन्धी जनचेतनामुलक कार्यक्रम गर्ने।

ङ. समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धी जनचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

च. तिलगंगा आँखा प्रतिष्ठान र सामुदायिक आँखा केन्द्रबाट लागु हुने आँखा स्वास्थ्य सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन तथा समन्वय गर्ने।

## ११. <u>केन्द्रको मानव संसाधनः</u>

यस केन्द्रमा तपशिल अनुसारको जनशक्ति रहने छन

क. नेत्र सहायकः१ जना

ख. आई हेल्परः१ जना

## १२. <u>केन्द्रको भौतिक पुर्वधारः</u>

यस केन्द्रको भौतिक पूर्वाधार तपशिल बमोजिम हुनेछ ।

१. उपकरणहरु

२. फर्निचर

३ कोठाको संख्या र क्षेत्रफल

४ चश्मा तथा सिसाहरु

५. औषधी

६. रिपोर्टको नमुना पत्र

७. आर्थिक कारोवारको नमुना पत्र

माथिको सम्पुर्ण विवरण तिलगंगा आँखा प्रतिष्ठान वाह्य कार्यक्रम विभागले उपलब्ध गराउने छ ।

**१३. <u>आर्थिक कारोवारः</u>**

क. आँखा केन्द्रको आर्थिक कारोवार बैंक मार्फत हुनेछ ।

ख. यस केन्द्रको आफ्नो छुट्टै बैंक खाता हुने छ ।

ग. आखा केन्द्रको आन्तरिक सेवाहरु तथा बाह्य निकायहरुबाट संकलित रकम जम्मा हुने छ ।

घ. बैंक खाता सञ्चालन तथा व्यवस्थापन समिति अध्यक्ष र केन्द्र इन्चार्जको संयुक्त नाममा दुई जनाको अनिवार्य हस्ताक्षरमा नगद भुक्तानी हुने गरी बैंक खाता सञ्चालन गरिने छ ।

ङ. केन्द्रमा दैनिक प्राप्त भएको नगद रकम प्राप्त भएको बढिमा ३ दिन भित्र कार्यालय समयमा बैंक दाखिला गर्नु पर्ने छ ।

च. केन्द्रमा आँखा जाँचको लागि आउने विरामीहरुलाई विरामी दर्ता शुल्क लिईने रकम सञ्चालन तथा व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ ।

छ. आँखा जाँच पछि प्रदान गरिने चश्मा शुल्क तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्रले तोकेको मुल्यमा विक्रि गर्नु पर्ने छ र विक्रिमा तोकेको मुल्यमा बढिमा ५ प्रतिशत सम्म छुट दिन सकिने छ ।

१४. आवश्यक परेमा आँखा केन्द्र सञ्चालनमा आर्थिक सहयोग गर्ने संस्थाको नाम समेत उल्लेख गर्न सकिने छ ।

१५. केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिले केन्द्रको गतिविधि तथा कार्यक्रमहरुको आवश्यक सामुदायिक आँखा केन्द्र र तिलगंगा आखा प्रतिष्ठानको वा कार्यक्रम विभागसंगको समन्वय तथा सहकार्यबाट गर्ने छ।

१६. सरोकारवाला निकाय (Stakeholder) हरुवीच वार्षिक कार्ययोजना र प्रगति विवरणबारे गोष्ठी गरिनेछ ।

१७ आँखा केन्द्र सञ्चालनमा माथि उल्लेखित भन्दा बाहेक अन्य कार्य गर्नु परेमा आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिको सिफारिसमा

जिल्ला सामुदायिक आँखा केन्द्र, रसुवाको समन्वयमा नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठानको समेत उपस्थितिमा गाँउपालिकाको कार्यपालिकाको बैठकले कार्यविधि आवश्यता अनुसार संशोधन गर्न सक्ने छ ।

१८. सम्झौतामा उल्लेख हुने सम्पुर्ण सहमति व्यक्तीहरुले आफ्नो जिम्मेवारी निर्बाह गर्नु पर्ने छ । यदी कुनै कारणबंश कुनै पक्षले आफ्नो जिम्मेवारी बहन नगरेमा सोबाट पर्न जाने क्षतिपुर्ति सोहि पक्षबाट असुल उपर गरिने छ साथै सम्झौतामा उल्लेखित भौतिक सामाग्रीहरु सबै पक्षको सहमतिमा यसै गाँउपालिकाले आँखा स्वास्थ्य सेवा प्रदान गर्न प्रयोग गर्नु पर्ने छ ।

**आज्ञाले**
**दिपक प्रसाद अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**